# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३४) काठमाडौं, मंसीर ११ गते २०४१ साल (संख्या ३२


### श्री ५ को सरकार
### अर्थ मन्त्रालयको
### सूचना

श्री ५ को सरकारले अन्तःशुल्क नियमहरू, २०१९ को नियम १६ ले दिएको अधिकार प्रयोग गरी उद्योगहरूले उत्पादन गरेको वस्तु समुद्रपार निकासी गर्दा देहायका शर्त तथा बन्देजको अधीनमा रही अन्तःशुल्क रकम छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।

१. निकासी हुने वस्तु उत्पादन गर्दा पैठारी गरिएको कच्चा तथा सहायक पदार्थ नै प्रयोग भई गरिएको हो भन्ने कुरा सम्बन्धित विभाग वा कार्यालयका अधिकारीबाट प्रमाणित भएको हुनु पर्नेछ ।
२. निकासी हुने वस्तुको साइज र परिमाण अन्तःशुल्क अधिकारीबाट प्रमाणित भएको हुनु पर्नेछ ।
३. निकासी हुने वस्तुको गुणस्तर सम्बन्धमा गुणस्तर विभागबाट प्रमाणित भएको हुनु पर्नेछ ।
४. निकासी इजाजतपत्रअन्तर्गत निकासी भएको हुनु पर्नेछ ।
५. निकासी गर्नको लागि कारखानाबाट माल निकाल्दा लाग्ने अन्तःशुल्क रकम धरौटी-स्वरूप बुझाउनु पर्नेछ ।
६. निकासी गरेको प्रमाण बुझाएमा निकासी भए जति परिमाणमा लागेको अन्तःशुल्क रकम फिर्ता दिइनेछ ।

द्रष्टव्यः— "यो सूचना २०४२ साल आषाढ मसान्तसम्म कायम रहनेछ ।"

आज्ञाले,
कर्णध्वज अधिकारी
श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।